# सामुदायिक वनमा आय आर्जनका वैकल्पिक उपायहरुको अवलम्बन

**केशवराज गौतम**

परम्परागत रुपमा वन क्षेत्रबाट प्राप्त हुने आम्दानी भनेको काठ बेचेर प्राप्त हुने आम्दानी हो । तराई क्षेत्रमा बढी पाइने साल प्रजातिको मूल्यवान काठकै आधारमा 'हरियो वन, नेपालको धन' भन्ने उक्ति चलन चल्तिमा आएको हो । खास गरी तराईको उत्पादनशील वनको दिगो व्यवस्थापनको अभावमा उक्त उक्तिको औचित्य माथि नै प्रश्नचिन्ह लागिरहेको बेला सामुदायिक वन व्यवस्थापन पद्धतिको विकाससँगै वैकल्पिक आम्दानीका स्रोतहरु पहिल्याउने क्रम सुरु भयो । यसै क्रममा सामुदायिक वन उपभोक्ता समूहहरुले गैह्रकाष्ठ वन पैदावरहरुको उपयोग गरी प्रशस्त आम्दानी लिइरहेका उदाहरणहरु यत्रतत्र देख्न सकिन्छ । सामाजिक आर्थिक हिसाबले उपेक्षित र विपन्न वर्गको सहज पहुँचको कारण गैह्रकाष्ठ वन पैदावरको उपयोगले उनीहरुको आर्थिक उत्थान गर्न प्रत्यक्ष तथा सामाजिक परिचालनको क्षेत्रमा समेत परोक्ष तर उल्लेख्य ढङ्गले टेवा पुऱ्याइरहेको छ । यसै सन्दर्भमा सुनसरी जिल्लाको धरान नगरपालिका क्षेत्रका हरियाली, यलम्वर र लाङ्घाली सामुदायिक वन उपभोक्ता समूहहरुद्वारा अवलम्बन गरिएका चलन चल्तीमा रहेका भन्दा केही फरक खालका आय आर्जनका उपायहरु अन्य वन उपभोक्ता समूहहरुको निम्ति उदाहरणीय हुन सक्ने ठानी यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

ठूलो बजारको नजिकै रहेको उल्लेखित वन क्षेत्र विगतमा अनियन्त्रित र अत्यन्तै तिव्र फडानी, अति चरिचरण र डढेलोको कारण उजाड भइसकेको थियो । स्थानीयवासीहरुले पूर्णत: आफ्नै पहलमा संरक्षण गर्दै सालको प्राकृतिक पुनरोत्पादनलाई प्रवर्द्धन गर्ने काम गरे जसका कारण हाल १२-१५ वर्षका लाथ्राहरुको वाहुल्यता रहेको रहर लाग्दो वन तयार भएको छ । यलम्वर सामुदायिक वन २०५७ सालमै हस्तान्तरण भए पनि अन्य दुई वन भने समूह दर्ता भएर पनि हस्तान्तरण हुन सकेका छैनन् । काठ प्राप्त हुन सक्ने उमेरका पुराना रुखहरु अत्यन्तै कम संख्यामा रहेको र सालको लाथ्रालाई काठ योग्य रुख बनाउन निकै वर्ष लाग्ने भएकाले दिगो आम्दानीका वैकल्पिक स्रोतहरु खोज्नु समूहहरुलाई अनिवार्य नै थियो । सालको करिब एकल प्रजातीय वन र सुख्खा क्षेत्र भएका कारण उल्लेख्य गैह्रकाष्ठ वन पैदावर समेत नभएको सन्दर्भमा दिगो आम्दानीको वैकल्पिक स्रोतको रुपमा पर्या-पर्यटनलाई विकास गर्ने सोच अगाडि सारियो । उक्त सोच बमोजिम तीन ओटै समूहहरु पर्या-पर्यटनको निम्ति पूर्वाधार तयार गर्ने कार्यमा लागिपरेका छन् ।

बक्स १: अध्ययन गरिएका सामुदायिक वन उपभोक्ता समूहहरुको सामान्य विवरण

| विवरण | सामुदायिक वनहरु | | |
|---|---|---|---|
| अवस्थिति/ठेगाना | हरियाली<br>धरान न.पा.-१९ | यलम्वर<br>धरान न.पा.-८ | लाङ्घाली<br>धरान न.पा.-८ |
| संरक्षण समिति गठन | २०५९ साल | २०५५ | २०५९ |
| समूह स्थापना/दर्ता | २०६० साल | २०५६ | २०५९ |
| उपभोक्ता घरधुरी संख्या | ८५५ | २६० | ५५६ |
| वनको क्षेत्रफल | ८०० हे. | २० हे. | ३६९ हे. |
| वन हस्तान्तरण | नभएको | २०५७ साल | नभएको |
| वनको प्रकार | साल वन | साल वन | साल वन |
| वनको अवस्था | लाथ्रा वन | लाथ्रा वन | लाथ्रा वन |
| पहुँच | बजार क्षेत्र<br>नजिकै पक्की<br>सडक छेउ | बजार क्षेत्र<br>नजिकै पक्की<br>सडक छेउ | बजार क्षेत्र<br>नजिकै पक्की<br>सडक छेउ |
| आम्दानीका मुख्य वैकल्पिक स्रोत | तालिम केन्द्र सञ्चालन | पर्या-पर्यटन | वनस्पति कोइला उत्पादन |

वनमा पिकनिकको निम्ति टहराहरु बनाइएका छन्, खानेपानी र शौचालयको राम्रो प्रबन्ध छ, भाँडाकुँडा तथा सङ्गीत सामाग्रीहरु उपलब्ध छन् पिकनिकमा आउनेहरुका लागि । चिडियाखानामा जस्तै खोर बनाएर मृग, खरायो, मयूर लगायतका वन्यजन्तुहरु पालिएका छन् र वन्यजन्तु थप्ने कम बढ्दो छ । साँच्चै कुनै मनोरन्जन पार्कभन्दा कम छैनन् यी सामुदायिक वनहरु । हरियाली सामुदायिक वनले त 'जङ्गल सफारी' को अवधारणा अघि सार्दै १५ हे. वन क्षेत्रलाई तारबार गरी त्यस भित्र वन्यजन्तुहरु छाडेको छ । प्रवेश शुल्क वापत प्रति व्यक्ति रु. ५।- लिने यलम्वर सामुदायिक वन उपभोक्ता समूहले पर्यटनबाट हाल सरदर वार्षिक रु.६०,०००।- कमाउने गरेको छ र यो राशी बढ्दै जाने सहज अनुमान गर्न सकिन्छ । यसरी धरान बजार क्षेत्रका बासिन्दाहरुको निम्ति मनोरन्जनको लागि नजिकै उपयुक्त स्थानको अभाव भइसकेको परिप्रेक्ष्यमा छिमेकी जिल्लावासीहरुलाई समेत मनोरन्जन सेवा प्रदान गर्न सफल भएका छन् यी सामुदायिक वनहरु । २५० कि.मी. टाढा सम्मबाट यहाँ पर्यटकहरु आउने गरेको देखिन्छ । सामान्यतया टाढाबाट आउनेहरु 'समूह' पर्यटकको रुपमा पिकनिकको निम्ति आउने गर्दछन् भने आसपासबाट एक्लै दुक्लै आउनेहरुको सङ्ख्या पनि कम छैन ।

यसैगरी दिगो आम्दानीको अर्को भरपर्दो स्रोतको रुपमा 'तालिम हल' लाई अगाडि सारेका छन् । यी सामूदायिक वन उपभोक्ता समूहहरुले भर्खर भर्खर मात्र सञ्चालन गरिएकाले यसबाट के कति आम्दानी लिन सकिन्छ भनेर यकिन गर्न नसकिए पनि राम्रै आम्दानी हुने विश्वास छ उपभोक्ताहरुको । हरियाली सामुदायिक वनले एउटा आवासिय तालिम सञ्चालन गर्न सकिने गरी होस्टेलको समेत व्यवस्था गरेको छ । आफ्नै वन क्षेत्रभित्रको ढलापढा रुख प्रयोग गरी काठैकाठले बनाइएको यो होस्टेल तालिमेहरुको निम्ति साँच्चै आकर्षक छ । वन क्षेत्र भित्रै सडक छेउमा मनोरम वातावरणमा अवस्थित यो तालिम केन्द्र तालिम सञ्चालकहरुको निम्ति हरेक हिसाबले उपयुक्त देखिन्छ । अझ सँगै रहेको वन अनुसन्धान तथा सर्वेक्षण विभागद्वारा स्थापित तथा समूह आफैले स्थापना गरेको वन व्यवस्थापन अनुसन्धान स्थलहरु वन व्यवस्थापन तालिमको निम्ति थप आकर्षणको केन्द्र बनेका छन् । एउटा पूर्ण तालिम केन्द्रको रुपमा विकास गर्न विभिन्न तालिम सामग्रीहरु खरीद गर्ने योजना छ समूहको ।

आय आर्जनको वैकल्पिक उपायहरुको खोजी गर्ने क्रममै लाङ्घाली सामुदायिक वनले वनस्पति कोइला (ब्रिकेट्स) उत्पादन शुरु गरेको छ । हाल समूहका विपन्न मध्ये १६ घरधुरीको छनौट गरी जम्मा उत्पादनको ९०% सम्बन्धित उपभोक्तालाई र १०% समूहलाई आम्दानी बाँडफाँड गर्ने गरी कोइला उत्पादन गर्न दिइएको छ । महिनामा २० दिन जति दिनको सरदर ४ घण्टाको दरले काम गर्दा प्रति व्यक्ति औषत रु ३०००।- खुद कमाई हुने सम्बन्धित उपभोक्ताहरु बताउँछन् । तीन फरक फरक आकारमा उत्पादित कोइलाको गुणस्तर र प्रभावकारीता जाँच गर्दै सुधार गर्दै समेत लगिएको छ । वनस्पति कोइलासँगै उक्त कोइला प्रयोग गर्न चाहिने चुल्हो पनि त्यहीँ निर्माण गर्ने गरिन्छ । भर्खर मात्र सुरु भएको र पछि दक्षता बढ्दै जाने हुनाले स्वभावतः आम्दानी बृद्धि हुने देखिन्छ । कोइला बनाउन खासगरी वनमारालाई प्रयोगमा ल्याइने हुनाले वनमा झाडी सफाई गर्न लाग्ने समूहको अतिरिक्त श्रम र खर्च त कटौति भएको छ नै, समूहका विपन्न वर्गको उत्थानको निम्ति दिगो आम्दानीको स्रोत समेत भएको छ, कोइला उत्पादन ।

यसरी धरान क्षेत्रका उल्लेखित समूहहरुले काठको बिकि विना पनि राम्रै आम्दानी गर्न सकिन्छ भन्ने बाटो देखाएका छन् । वन हस्तान्तरण नगरिएका सामुदायिक वनहरुको निश्चित कार्ययोजना नहुँदा माथि उल्लेख गरिएजस्ता आय आर्जनका क्रियाकलापहरु सञ्चालन गर्न गाह्रो भइरहेको उपभोक्ताहरु बताउँछन् । निश्चित कार्ययोजनाका साथ ढुक्कसँग काम गर्दै उल्लेखित गैरकाष्ठ वस्तु तथा सेवाहरुको प्रचार प्रसार गरी बजार प्रवर्द्धन गर्न सकेमा काठलाई बिर्सेर पनि 'हरियो वन, नेपालको धन' भन्ने उक्ति सम्झिरहन सकिन्थ्यो कि !

| अध्ययन गरिएका सामुदायिक वन उपभोक्ता समूहहरुको विवरण | | | |
|---|---|---|---|
| विवरण | सामुदायिक वनहरु | | |
| अवस्थिति/ठेगाना | हरियाली<br>धरान न. पा.-१९ | यलम्वर<br>धरान न.पा.-८ | लाङ्घाली<br>धरान न.पा.-८ |
| संरक्षण समिति गठन | २०५९ साल | २०५५ | २०५९ |
| समूह स्थापना/दर्ता | २०६० साल | २०५६ | २०५९ |
| उपभोक्ता घरधुरी संख्या | ८५५ | २६० | ५५६ |
| वनको क्षेत्रफल | ८०० हे. | २० हे. | ३६९ हे. |
| वन हस्तान्तरण | नभएको | २०५७ साल | नभएको |
| वनको प्रकार | साल वन | साल वन | साल वन |
| वनको अवस्था | लाथ्रा वन | लाथ्रा वन | लाथ्रा वन |
| पहुँच | बजार क्षेत्र नजिकै पक्की सडक छेउ | बजार क्षेत्र नजिकै पक्की सडक छेउ | बजार क्षेत्र नजिकै पक्की सडक छेउ |
| आम्दानीका मुख्य वैकल्पिक स्रोत | तालिम केन्द्र सञ्चालन | पर्या-पर्यटन | वनस्पति कोइला उत्पादन |

(लेखक वन अनुसन्धान तथा सर्वेक्षण विभागसगँ आवद्ध हुनुहुन्छ ।)